# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १ भदौ १८, २०८१


### भाग-२

# गुल्मीदरबार गाउँपालिका आर्थिक सहायता कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/१८**

**प्रमाणीकरण मितिः २०८१/०५/१८**

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ मा भएको व्यवस्था सवै नागरिकलाई समान रुपमा बाँच्न पाउने अधिकार अनुरुप आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, विपन्न बालबालिका, वेवास्तामा परेका जेष्ठ नागरिकको हित, प्राकृतिक प्रकोपजन्य विपद् बाट पीडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाले यो आर्थिक सहायता कार्यविधि २०८१ बनाई लागु गरेको छ।

## परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भः

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम " गुल्मीदरबार गाउँपालिका आर्थिक सहायता कार्यविधि २०८१" रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः**

१. **"गाउँपालिका"** भन्नाले गुल्मीदरबार गाउँपालिकालाई सम्झनु पर्छ ।

२. **"गाउँ कार्यपालिका"** भन्नाले गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ।

३. **"आर्थिक सहायता पाउन योग्य व्यक्ति"** भन्नाले आर्थिक रुपमा विपन्न भएका मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला पेरेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसाहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, अभिभावक विहीन बालबालिका, बेसहारा वृद्धवृद्धा तथा विशेष कारणवश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका, बाढी पहिरो र डुवानबाट पीडित, चटयाङ्ग, आगलागी जस्ता समस्यामा परेका गाउँपालिकाका नागरिकलाई सम्झनु पर्दछ। उल्लिखित व्यहोरा भएका गुल्मीदरबार गाउँपालिकाको कर्मचारी र जनप्रतिनिधिलाई समेत बुझ्नु पर्दछ।

४. **"अध्यक्ष"** भन्नाले गुल्मीदरबार गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

५. **"उपाध्यक्ष"** भन्नाले गुल्मीदरबार गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

६. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गुल्मीदरबार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

७. **"वडा अध्यक्ष"** भन्नाले आर्थिक सहायता पाउने सम्बन्धित व्यक्ति वा संस्थाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

८. **"वडा समिति"** भन्नाले आर्थिक सहायता पाउने सम्बन्धित व्यक्ति वा संस्थाको वडा समिति सम्झनु पर्छ।

९. **"कार्यविधि"** भन्नाले गुल्मीदरबार गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०८१ लाई जनाउनेछ।

## परिच्छेद -२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः**

१. आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो मस्तिष्क पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्ने छन्। स्पष्टीकरण "आवश्क कागजात भन्नाले आर्थिक रुपले आर्थिक अवस्था कमजोर रहेको भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, उपचाररत अस्पतालको मेडिकल अधिकृतले दिएको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ।"

२. उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिरामीको अवस्था हेरी रु. ५०००/- (पाँच हजार) देखि बढीमा २००००/- (बिस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

**४. हिंसा पीडित तथा मानव बेचबिखनमा परेकालाई सहायताः**

१. यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिला तथा बालबालिकाहरुको तत्काल उद्धार गर्न बढीमा रु. ५०००/- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

२. पीडितलाई न्याय दिलाउन तथा पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत पहल गरिनेछ।

**५. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायताः**

१. बेवारिसे अवस्थामा फेला परेका, जबरजस्ती श्रममा संलग्न रहेका, बाबु आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुरसँग सम्बन्धित रहेका कारणले बेवारिसे रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसार

पसारमा परेका, हिंसा पीडित, बाबु आमा र संरक्षक बिहीन बालबालिका, अपाङ्गता भएका व्यक्ति, सुस्त श्रवण भएका, एचआईभी एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि रु. ५०००/- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

२. उपदफा (१) मा उल्लिखित बालबालिकाको शिक्षादीक्षाको व्यवस्था सामुदायिक तथा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रावृत्ति मार्फत गरिनेछ।

**६. खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालनको लागि संघ/संस्थालाई गरिने सहायताः**

१. स्थानीय, जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब तथा संघ संस्थालाई तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ।

क. स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमको लागि रु. ५०००/- (पाँच हजार) देखि बढीमा रु. १५०००/- (पन्ध्र हजार सम्म)।

ख. जिल्ला स्तरमा संचालन हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमका लागि स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु. २००००/- (बिस हजार सम्म)।

ग. प्रदेश र राष्ट्रीय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु.३००००/- (तिस हजार सम्म)।

घ. अन्तर्राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराइने छ।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिक सहायताः**

६० वर्ष उमेर पुगेका तर परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा देखिएमा रकम रु. २०००/- (दुई हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गरिनेछ। तर गाउँपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता बुझ्ने नागरिकको हकमा यो सुविधा उपलब्ध गराइने छैन।

**८. मृत्यु संस्कार सहायताः**

१. आर्थिक रुपमा कमजोर परिवारमा दुर्घटना वा आत्महत्याको कारण वा औपधि उपचारको क्रममा मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा आर्थिक रुपले कमजोर व्यक्तिको सदगत तथा काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश भई आएका निवेदनमा मनासिब देखिएमा बढीमा रु. २०,०००/- (वीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

२. उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यहोराको सिफारिस गर्नु पर्नेछ।

३. उल्लेखित व्यहोराको अवस्था गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिहरुलाई आइपरेमा निजहरुलाई समेत सहायता रकम उपलब्ध गराउन सकिनेछ।

**९. संस्थागत सहायता कार्यक्रमः**

उल्लेखनीय र सामाजिक क्षेत्रको कार्यमा सहयोग पुऱ्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रमको सहयोग स्वरुप निवेदन पेश हुन आएमा अधिकतम रु.२००००। (बिस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

**१०. विपद् कार्यमा सहायताः**

१. बाढी, डुवान, पहिरो, आगलागी, भुकम्प, महामारी लगायतका विपदबाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि गाउँपालिकामा निवेदन पेश हुन आएमा र सो निवेदन मनासिव देखिएमा राहत स्वरुप तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

क. प्रकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा निजको नजिकको हकवालालाई काजक्रिया वापत प्रतिव्यक्ति रु. २०,०००/- (वीस हजार) सम्म।

ख. प्राकृतिक प्रकोपबाट घरवार भत्किई आशिंक वा पूर्ण क्षति भएको अवस्थामा अवस्था हेरी जिविकोपार्जन तथा पुनः स्थापनाका लागि राहत स्वरुप रु. ५,०००/- (पाँच हजार) देखि बढीमा ३५,०००/- (पैतीस हजार) सम्म।

ग. प्राकृतिक प्रकोपमा परी अंगभंग भई आशिंक वा पूर्ण अशक्त अपाङ्गता भएको अवस्थामा अवस्था हेरी राहत स्वरुप रु. ५,०००/- (पाँच हजार) देखि बढीमा २५,०००/- (पच्चीस हजार) सम्म।

घ. प्राकृतिक प्रकोपबाट बालीनाली आशिंक वा पूरै नष्ट भएको अवस्थामा अवस्था हेरी राहत स्वरुप रु. २,०००/- (दुई हजार) देखि बढीमा १०,०००/- (दश हजार) सम्म।

ङ. प्राकृतिक प्रकोपबाट पशु चौपायाको मृत्यु भएको अवस्थामा अवस्था हेरी जिविकोपार्जन तथा पुनः स्थापनाका लागि राहत स्वरुप २,०००/- (दुई हजार) देखि बढीमा १०,०००/- (दश हजार) सम्म।

२. उपदफा (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पीडित व्यक्तिले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस, नागरिकताको प्रतिलिपि, घटनास्थलको स्पष्ट तस्वीर सहित गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

**११. विविधः**

१. कार्यालयबाट पूर्व स्वीकृति लिई कार्यालयको शुभकामना प्रकाशन गरे वापत पत्रपत्रिका तथा सञ्चार माध्यमलाई रु.२,०००/- (दुई हजार) देखि रु. ५,०००/- (पाँच हजार) सम्म भुक्तानी दिन सकिनेछ ।

**१२. आर्थिक सहायता तथा उपचार सहयोगको लागि बजेटको व्यवस्थाः**

१. यस कार्यविधि बमोजिम आर्थिक सहायता दिने, उद्धार तथा पुनः स्थापना गर्ने प्रयोजनका लागि विपत व्यवस्थापन कोष वा आर्थिक सहायता शीर्षकबाट बजेटको व्यवस्था गरिनेछ ।

२. दफा (१) अनुसारको आर्थिक सहायता भुक्तानी गर्दा निम्न बमोजिम भुक्तानी हुनेछः

क. गाउँपालिकामा विनियोजन भएको बजेट शिर्षकबाट अध्यक्षबाट रु. २०,०००। (बिस हजार) सम्म र सो भन्दा बढी आर्थिक सहायता दिनु परेमा कार्यपालिकाको निणर्यबाट।

**१३. आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्थाः**

क. गाउँपालिकाको  सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, सांस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिम एक पटकका लागि मात्र बढीमा रु. २५,०००/- (पच्चीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ।

ख. गाउँपालिकाको कार्यालयको काममा वा कार्यालयको काममा आउँदा वा फर्कदा कुनै जन-प्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना परेर घाइते भएमा, विरामी भएमा निज वा निजको नजिकको हकवालालाई बिल भरपाईको आधारमा बढीमा रु. २५,०००/- (पच्चीस हजार) र मृत्यु भएमा निजको हकवालालाई बढीमा रु. ५,००,०००/- (पाँच लाख) रुपैयाँ सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

ग. यसमा लेखिएका कुराहरुमा वडा अध्यक्ष, वडा समिति, उपाध्यक्ष, अध्यक्ष र गाउँ कार्यपालिकाले दोहोरो पर्ने गरी आर्थिक सहायता उपलब्ध गराउन पाइने छैन।

घ. दैवी प्रकोपमा परेका व्यक्ति वा परिवारलाई कुनै जिन्सी सामग्री उपलब्ध गराइएको रहेछ भने सो जिन्सी बराबरको रकम कट्टी गरेर मात्र आर्थिक सहायता उपलब्ध गराइने छ।

ङ. यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाको निर्णयबाट थप आर्थिक सहायता रकम दिन सक्नेछ।

च. आर्थिक सहायता सम्बन्धी काम गर्न दैवी प्रकोप हेर्ने शाखाको कर्मचारीले स्वतः यसको समेत काम गर्नेछ।

**१४. अधिकार प्रत्यायोजन गर्न सकिनेः**

यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको आफ्नो अधिकार गाउँ कार्यपालिकाले अध्यक्षलाई दिन सक्नेछ।

**१५. पटक-पटक आर्थिक सहायता दिन नपाइनेः**

यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एकै प्रकृतिको घटनामा एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ।

## परिच्छेद -३

## विविध

**१६. पारदर्शिता र जवाफदेहिताः**

बजेटबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनिक गरिनेछ। साथै कार्यालयको वेवसाइडबाट समेत उल्लिखित व्यहोरा जानकारी गराइनेछ। सम्बन्धित सरोकारवालहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा गाउँपालिकाबाट आवश्यक विवरण उपलब्ध गराइनेछ।

**१७. निवेदन दिनु पर्नेः**

दफा ३ देखि दफा ५ सम्म उल्लिखित क्षेत्रमा आर्थिक सहायता पाउन अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

**१८. संशोधन तथा परिमार्जनः**

यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता बमोजिम गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गराउन सकिनेछ।

**१९. बचाउ तथा खारेजीः**

यस कार्यविधिमा व्यवस्था भएका कार्यहरुका हकमा यसै अनुसार र अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ । साथै गाउँ कार्यपालिकाबाट यस आ.व. सम्ममा भएका आर्थिक सहयोग सम्बन्धी निर्णयहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ।

**अनुसूची - १**

**दफा १६ सँग सम्बन्धित**

**निवेदनको ढाँचा**

मितिः-

श्रीमान् अध्यक्षज्यू,
गुल्मीदरबार गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, गौडाकोट, गुल्मी।

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिनुहुन।**

प्रस्तुत विषयमा म/हामी ............................................ रोगले ग्रसित भई/ समस्यामा परी/ विपतमा परी उपचार गर्नुपर्ने / क्षति भएको व्यहोरा अवगत गराउँदछु/छौं । उक्त ...................................................... को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सोको लागि तहाँ कार्यालयको नियमानुसार पाउन सकिने आर्थिक सहायता उपलब्ध गराइदिनुहुन तपशिलका कागजात यसैसाथ संलग्न गरी पेश गर्दछु/छौं।

तपसिल

१. आर्थिक रुपले विपन्न सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता / जन्मदर्ता/ विवाहदर्ताको प्रतिलिपि
३. अस्पतालको वा सम्बन्धित निकायको रिपोर्ट
४. वडा अध्यक्ष/स्वास्थ्य संयोजक/सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस

निवेदक
नामः
वतनः
दस्तखतः
सम्पर्क नः

**आज्ञाले**
**भेषराज घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**